निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन

# अनुगमन निर्देशिका, २०७४



निर्वाचन आयोग, नेपाल
कान्तिपथ

# <u>विषय सूची</u>


| क्र.सं. | शीर्षक | पेज नं |
|---|---|---|
| | **परिच्छेद -१** | |
| | **प्रारम्भिक** | |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १-२ |
| | **परिच्छेद -२** | |
| | **अनुगमनसम्बन्धी संगठन संरचना र अनुगमन टोली परिचालन** | |
| ३. | केन्द्रीय अनुगमन समिति | २-३ |
| ४. | उच्चस्तरीय अनुगमन टोली | ३-४ |
| ५. | अनुगमन एकाइ | ४-५ |
| ६. | अनुगमन टोलीको गठन र परिचालन | ५ |
| ७. | अनुगमन टोलीको काम, कर्तव्य र अधिकार | ५-६ |
| ८. | अनुगमन टोलीको कार्य अवधि | ७ |
| ९. | जिल्ला निर्वाचन अनुगमन समिति | ७ |
| १०. | जिल्ला निर्वाचन अनुगमन समितिको काम, कर्तव्य र अधिकार | ७-८ |
| | **परिच्छेद -३** | |
| | **सूक्ष्म अनुगमन** | |
| ११. | सूक्ष्म अनुगमनकको लागि मतदानस्थलको वर्गीकरण | ८-९ |
| १२. | सूक्ष्म अनुगमन कर्ताको प्राप्ति | ९ |
| १३. | सुक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार | १०-११ |
| | **परिच्छेद -४** | |
| | **अभिमुखीकरण, अनुगमन कार्यविधि र प्रतिवेदन** | |
| १४. | अनुगमन टोलीको लागि अभिमुखीकरण | ११-१२ |
| १५. | अनुगमन गर्दा अपनाउने कार्यविधि | १२ |
| १६. | अनुगमनको लागि आवश्यक पर्ने सामग्री | १२ |
| १७. | अनुगमन प्रतिवेदन पेश गर्ने विधि | १३ |
| | **परिच्छेद ५** | |
| | **विविध** | |
| १८. | अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा | १३ |
| १९. | प्रशंसा-पत्र प्रदान गर्न वा सचेत गराउन सक्ने | १३-१४ |
| २०. | निर्वाचन अनुगमनमा खटिने कर्मचारीको रोष्टर कायम गर्न सक्ने | १४ |
| २१. | बिमासम्बन्धी व्यवस्था | १४ |
| २२. | परिचय-पत्र साथमा लिनु पर्ने | १४ |
| २३. | अनुगमनकर्ताको उत्तरदायित्व | १४ |
| २४. | निर्वाचन आचार संहिता अनुगमनको काम समेत गराउन सक्ने | १४ |
| २५. | आयोगको निर्णय बमोजिम हुने | १४ |

**अनुसूचीहरु** १५-१८

**अनुसूची-१** अनुगमन टोलीले पेश गर्ने प्रतिवेदनको ढाँचा

**अनुसूची-२** सूक्ष्म अनुगमनकर्ताले मतदानको दिन मतदानस्थलबाट पेश गर्ने प्रतिवेदनको ढाँचा १९

***अनुसूची-३*** अनुगमन टोली र सूक्ष अनुगमनकर्ताले पाउने सुविधा २०-२१

# प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४

आयोगबाट स्वीकृत मितिः- २०७४/६/..... गते

प्रस्तावना : प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र निष्पक्ष र भयरहित ढङ्गबाट सम्पन्न गर्नका लागि यस सम्बन्धी काम कारबाहीको अनुगमन गर्ने तथा आयोग, विभिन्न निकाय र सरोकारवालाहरू बीच समन्वय कायम गर्ने समेतको प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन एकाई" भन्नाले दफा ५ बमोजिमको अनुगमन एकाई सम्झनु पर्छ।

(ख) "अनुगमन टोली" भन्नाले आयोगले निर्वाचन सम्बन्धी कामको अनुगमनको लागि खटाएको दफा ६ बमोजिमको निर्वाचन अनुगमन टोली सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(घ) "उच्चस्तरीय अनुगमन टोली" भन्नाले दफा ४ बमोजिमको उच्चस्तरीय निर्वाचन अनुगमन टोली सम्झनु पर्दछ।

(ङ) "जिल्ला अनुगमन समिति" भन्नाले दफा ९ बमोजिमको जिल्ला निर्वाचन अनुगमन समिति सम्झनु पर्छ।

(च) "घटना पहिचान प्रणाली (इभेन्ट ट्र्याकिङ सिष्टम)" भन्नाले मतदान स्थल वा मतदान केन्द्र तहमा सम्पादन हुनुपर्ने महत्वपूर्ण क्रियाकलापहरूको तात्कालिक अवस्थाको सूचना (रियल टाइम इन्फरमेशन) लिनको लागि आयोगमा स्थापना गरिएको घटना पहिचान प्रणाली (इभेन्ट ट्र्याकिङ सिष्टम) सम्झनु पर्छ।

(छ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्झनुपर्छ र सो शब्दले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचनलाई समेत जनाउँछ।

(ज) "निर्वाचन अधिकारी" भन्नाले जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ र सो शब्दले क्षेत्रीय निर्वाचन कार्यालयको प्रमुखलाई समेत जनाउँछ।

(झ) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ञ) "निर्वाचन अनुगमन" भन्नाले निर्वाचन व्यवस्थापनको लागि प्रचलित निर्वाचन कानून र आयोगले निर्धारण गरेका नीति, कार्यक्रम, कार्यप्रक्रिया, मापदण्ड, पर्यवेक्षकको आचारसंहिता, निर्वाचन कार्यतालिका र आदेश बमोजिम हुनुपर्ने सबै प्रकारका काम व्यवस्थित एवं प्रभावकारी ढङ्गले सञ्चालन गर्न तथा त्यस्ता कार्यको सञ्चालनमा कुनै अवरोध वा कठिनाई उत्पन्न भएमा निर्धारित नीति वा मापदण्ड बमोजिम गराउन निर्देशन दिने र यस निर्देशिका बमोजिम स्थलगत अवलोकन गर्ने, तथ्य सङ्कलन गर्ने, विश्लेषण गर्ने तथा प्रतिवेदन दिने समेतका कार्य सम्झनु पर्छ ।

(ट) "पर्यवेक्षक" भन्नाले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षणको लागि आयोगबाट अनुमति पाई पर्यवेक्षक परिचय-पत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ तथा प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ड) "मतदान स्थल" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको मतदान स्थल सम्झनु पर्छ ।

(ढ) "सूक्ष्म अनुगमन" भन्नाले निर्वाचनमा अनुगमन गर्नुपर्ने विषयको गम्भीरतालाई मनन गरी मतदानको दिन र सोको अघिपछि मतदान स्थलमा रही अनुगमन गरी स्वच्छ र स्वतन्त्र निर्वाचनको विपरीत हुने गम्भीर प्रकृतिको खास घटनाको सम्भव भएसम्म श्रव्य वा दृष्य, क्यामेरा वा रेकर्डिङ उपकरण वा डायरीको प्रयोगद्वारा अभिलेख गर्ने, त्यस्तो अभिलेखको तत्कालै माथिल्लो निकायमा मौखिक वा साङ्केतिक वा लिखित प्रतिवेदन गर्न समेतको लागि आयोगबाट नियुक्त भएको अनुगमनकर्ताले गर्ने समेतको कार्य सम्झनु पर्छ ।

(ण) "सूक्ष्म अनुगमनकर्ता" भन्नाले दफा १२ बमोजिम खटिने सूक्ष्म अनुगमनकर्ता सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले दफा ३ बमोजिमको केन्द्रीय निर्वाचन अनुगमन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## अनुगमन सम्बन्धी संगठन संरचना र अनुगमन टोली परिचालन

३. केन्द्रीय निर्वाचन अनुगमन समिति : (१) निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार, राजनीतिक दल वा उम्मेद्वार र अन्य सरोकारवाला सँग आवश्यक समन्वय गर्ने तथा निर्वाचन प्रचार-प्रसार, मतदान, मतगणना, निर्वाचन आचार संहिता कार्यान्वयन र निर्वाचन व्यवस्थापनको सिलसिलामा सम्पादन गर्नुपर्ने अन्य काम समेतका सम्बन्धमा गर्नु पर्ने अनुगमन सम्बन्धी कार्यको समन्वय, नियन्त्रण र निर्देशन गर्न आयोगमा देहाय बमोजिम एक केन्द्रीय निर्वाचन अनुगमन समिति रहनेछ :-

(क) प्रमुख निर्वाचन आयुक्त -संयोजक

(ख) सबै निर्वाचन आयुक्त -सदस्य

(ग) सचिव, निर्वाचन आयोग -सदस्य

(घ) सचिव, गृह मन्त्रालय -सदस्य

(ङ) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग -सदस्य

(च) सहसचिव, कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा, निर्वाचन आयोग -सदस्य

(छ) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, निर्वाचन आयोग -सदस्य

(ज) उपसचिव, योजना अनुगमन तथा समावेशीकरण शाखा, निर्वाचन आयोग -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञ, वा कर्मचारी र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक बस्दा आयोगको समानस्तरको अन्य समितिलाई उपलब्ध गराए सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

४. उच्चस्तरीय निर्वाचन अनुगमन टोली : (१) आयोगले निर्वाचनको अनुगमन सम्बन्धी काम, कारबाहीको अनुगमनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ बमोजिम प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको संयोजकत्वमा एक वा एकभन्दा बढी व्यक्ति सम्मिलित उच्चस्तरीय अनुगमन टोली गठन गर्न सक्नेछ ।

(२) उच्चस्तरीय अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमन टोली, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र मतदान केन्द्रमा खटिएका कर्मचारीले गरेको कामको अनुगमन गरी आवश्यकता अनुसार आयोगको नीति बमोजिमको सुझाव सल्लाह र निर्देशन दिने,

(ख) निर्वाचन आचार संहिताको पालना गरे नगरेको अनुगमन गर्ने,

(ग) प्रचलित कानून बमोजिम अनुगमन टोलीलाई प्राप्त अधिकार प्रयोग गर्ने,

(घ) निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार, राजनीतिक दल वा उम्मेदवार र अन्य सरोकारवालहरूसँग आवश्यक समन्वय गर्ने ।

(३) उच्चस्तरीय अनुगमन टोलीको संयोजकले आफ्नो कार्य सम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम अनुगमन टोलीलाई प्राप्त सबै अधिकारको प्रयोग गर्न सक्नेछ ।

(४) उच्चस्तरीय अनुगमन टोलीले उपदफा (२) बमोजिम आफूले गरेको कामको प्रतिवेदन समय-समयमा आयोसमक्ष पेश गर्नु पर्नेछ ।

५. <u>अनुगमन एकाई</u> : (१) यस निर्देशिका बमोजिम निर्वाचन अनुगमन सम्बन्धी काम गरी वा गराई आयोग समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्नको लागि आयोगमा देहाय बमोजिमको एक अनुगमन एकाई रहनेछ :-

(क) सचिव, निर्वाचन आयोग -संयोजक

(ख) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग -सदस्य

(ग) उपसचिव, मतदाता नामावली शाखा,निर्वाचन आयोग -सदस्य

(घ) उपसचिव, योजना अनुगमन तथा समावेशीकरण शाखा, निर्वाचन आयोग -सदस्य

(ङ) शाखा अधिकृत, योजना अनुगमन तथा समावेशीकरण शाखा, निर्वाचन आयोग -सदस्य-सचिव

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अनुगमन एकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन अनुगमनको लागि आवश्यक जनशक्ति सम्बन्धी योजना तयार गरी आयोग समक्ष पेश गर्ने,

(ख) निर्वाचन अनुगमनको लागि अनुगमन टोलीको गठन र परिचालन सम्बन्धी कार्ययोजना र जिम्मेवारीको व्यवस्था मिलाई आयोग समक्ष पेश गर्ने,

(ग) निर्वाचनमा सूक्ष्म अनुगमन सम्बन्धी व्यवस्था मिलाउनको लागि आवश्यक जनशक्ति र योजना तयार गरी पेश गर्ने,

(घ) मतदान केन्द्र, निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, अनुगमन टोली समेतका विभिन्न संयन्त्रहरू मार्फत लिनुपर्ने अनुगमन सम्बन्धी सूचना वा प्रतिवेदन उपयुक्त समयमा प्राप्त गर्ने, विश्लेषण गर्ने, आयोगबाट निर्देशन वा कारबाही गर्नुपर्ने विषयहरू प्रस्ताव गर्ने समेतका काम गरी आयोग समक्ष पेश गर्ने,

(ङ) निर्वाचन अनुगमन सम्बन्धी कार्यका सिलसिलामा आवश्यकता अनुसार संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेईओसी), सम्बन्धित महाशाखा र शाखाहरूसँग सम्पर्क र समन्वय गर्ने,

(च) निर्वाचन अनुगमन सम्बन्धी दैनिक, साप्ताहिक र अन्तिम अनुगमन प्रतिवेदन तयार गरी समिति मार्फत आयोग समक्ष पेश गर्ने,

(छ) समितिको निर्देशन बमोजिम अन्य कार्यहरू गर्ने ।

(३) एकाईको बैठकमा विषय विज्ञ वा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) एकाईको बैठक बस्दा समान स्तरको अन्य समितिलाई उपलब्ध गराए सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

६. निर्वाचन अनुगमन टोलीको गठन र परिचालन : (१) आयोगले एक वा एकभन्दा बढी जिल्लाको लागि आवश्यकता अनुसार नेपाल सरकारको विशिष्ट श्रेणी वा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीको संयोजकत्वमा एक वा एकभन्दा बढी सदस्य रहेको निर्वाचन अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) आयोगले अनुगमन टोली प्रमुखको रुपमा खटाउने प्रयोजनको लागि नेपाल सरकारबाट कर्मचारीहरूको विवरण प्राप्त गर्नेछ । त्यस्तो टोलीमा समावेश हुने अन्य अधिकृतको व्यवस्था आयोगको सचिवालयले गर्नेछ ।

(३) आयोगले आवश्यकता अनुसार अन्य अनुगमन टोलीहरू गठन गरी परिचालन गर्न सक्नेछ ।

७. अनुगमन टोलीको काम, कर्तव्य र अधिकार : (१) अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू खटिएको निर्वाचन क्षेत्र/जिल्लामा निर्वाचनको सम्बन्धमा देहायका विषयहरूको अनुगमन गरी आयोगमा नियमित प्रतिवेदन पेश गर्ने :-

(१) निर्वाचन प्रचार-प्रसार प्रचलित कानून बमोजिम भए नभएको,

(२) निर्वाचन आचार संहिताको प्रयोग र पालना भए नभएको,

(३) निर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा भए नभएको,

(४) राजनीतिक दल तथा उम्मेदवारले सहज रुपमा प्रचार-प्रसार गर्न पाए नपाएको,

(५) मतदानको दिन मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,

(६) मतदाताले भयमुक्त वातावरणमा मतदान गर्न पाए नपाएको,

(७) पर्यवेक्षकले पर्यवेक्षण गर्न पाए नपाएको र निजको भूमिका र क्रियाकलाप निष्पक्ष एवं व्यावसायिक भए नभएको,

(८) निर्वाचनको लागि आवश्यक सामाग्री, साधन श्रोतको उपलब्धता तथा परिचालन सन्तोषजनक भए नभएको,

(९) जिल्लामा निर्वाचन सुरक्षा व्यवस्था प्रभावकारी भए नभएको,

(१०) उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणना स्थलको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको,

(११) निर्वाचन प्रचार-प्रसार अवधि, मतदानको दिन र निर्वाचन परिणाम सार्वजनिक भएपछिको अवस्थाको लागि शान्ति सुरक्षाको आवश्यक तयारी र त्यस्तो हरेक चरणमा शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहे नरहेको,

(१२) पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने विषयमा आयोगले दिएको निर्देशन बमोजिम कार्य भए नभएको,

(१३) मतगणनाको काम स्वच्छ र निष्पक्ष रुपमा भए नभएको,

(१४) निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको,

(१५) निर्वाचन कार्यक्रममा संलग्न कर्मचारीहरुले प्रचलित निर्वाचन सम्बन्धी कानून बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको,

(१६) स्वच्छ र स्वतन्त्र निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारी र प्रतिवद्धता विपरीत कुनै सार्वजनिक सञ्चार माध्यमबाट अनर्गल र तथ्यहीन सामग्रीको प्रचार प्रसार गरी आयोगको छवि र निर्वाचन व्यवस्थापनको काममा नकारात्मक वातावरण सृजना गर्ने काम भए नभएको ।

(ख) निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ को दफा ४, १३, १५, १९, २४, २५ २६, ३५, ३८ र ५० ले अनुगमन टोलीलाई दिएको अधिकार प्रयोग गर्ने र सो अधिकार प्रयोगको क्रममा भएको कारबाहीको जानकारी आयोगलाई गराउने,

(ग) अनुगमन टोलीले निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ को दफा ३३ र ३४ बमोजिम दायित्व र कर्तव्य पालना गर्नु पर्ने छ ।

(घ) निर्वाचनसँग सम्बन्धित विषयमा निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सुरक्षा प्रमुख तथा जिल्ला निर्वाचन कार्यालय र अन्य निकायहरुसँग समन्वय गर्ने,

(ङ) आफूले गरेको कामको प्रतिवेदन यसै निर्देशिका बमोजिम अनुगमन एकाई मार्फत् आयोग समक्ष नियमित रुपमा पेश गर्ने ।

(२) अनुगमन टोलीले अनुगमनको क्रममा सम्बन्धित राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिको कर्तव्य हुनेछ ।

(३) निर्वाचन अनुगमनको सिलसिलामा आयोग वा केन्द्रीय निर्वाचन अनुगमन समिति वा उच्चस्तरीय निर्वाचन अनुगमन टोलीले दिएको निर्देशन पालना गर्नु अनुगमन टोलीको कर्तव्य हुनेछ ।

(च) उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आचार संहिता कार्यान्वयनको विषय अनुगमन गर्न आयोगले थप काम कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

८. अनुगमन टोलीको कार्य अवधि : (१) अनुगमन टोलीको कार्याअवधि निज खटिएको दिनबाट सुरु भई मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहनेछ ।

तर कुनै जिल्लामा मतदानको कार्य स्थगित भएको अवस्थामा सो जिल्लामा खटिएको अनुगमन टोलीको कार्यावधि पूनः मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहनेछ ।

(२) अनुगमन टोलीले कार्य अवधि समाप्त भएको मितिले ३ (तीन) दिनभित्र आफ्नो अन्तिम प्रतिवेदन अनुगमन एकाई मार्फत आयोग समक्ष पेश गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै अनुगमन टोलीलाई तोकिएको अवधिभन्दा अगावै फिर्ता बोलाउन सक्नेछ ।

९. जिल्ला निर्वाचन अनुगमन समिति : (१) निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपले सञ्चालन गर्न जिल्लामा सम्पादन गर्नु पर्ने कार्यहरूको अनुगमन गर्न देहाय बमोजिमको जिल्ला निर्वाचन अनुगमन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) सबै निर्वाचन अधिकृत -सदस्य

(घ) सचिव, जिल्ला समन्वय समिति (स्थानीय विकास अधिकारी) -सदस्य

(ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु -सदस्य

(च) निर्वाचन अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्य निर्वाचन अधिकृतको नियुक्ति नभएको अवस्थामा जिल्ला अनुगमन समितिको संयोजक प्रमुख जिल्ला अधिकारी हुनेछ ।

(३) जिल्ला अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, पत्रकार महासंघका प्रतिनिधि तथा सम्बन्धित अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

१०. जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार : (१) जिल्ला अनुगमन समितिले जिल्ला भित्र देहायको विषयमा अनुगमन गरी सम्बन्धित कर्मचारी, राजनीतिक दल, उम्मेदवार, निकाय तथा व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ :-

(क) निर्वाचन प्रचार-प्रसार प्रचलित कानून बमोजिम भए नभएको,

(ख) जिल्लामा निर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा भए नभएको,

(ग) निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारले सहज रुपमा प्रचार-प्रसार गर्न पाए वा नपाएको,

(घ) मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,

(ङ) मतदाताहरूले निर्वाध रुपमा मतदान गर्न पाए नपाएको,

(च) निर्वाचन आचार संहिताको प्रयोग र पालना भए नभएको अनुगमन गर्ने गराउने ।

(छ) पर्यवेक्षकहरूले पर्यवेक्षण गर्न पाए नपाएको र पर्यवेक्षकले आचार संहिता पालना गरे नगरेका ।

(२) जिल्ला अनुगमन समितिले निर्वाचन कार्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने तथा आयोगले निर्देशन दिए बमोजिमका अन्य कार्य गर्नेछ ।

(३) जिल्ला अनुगमन समितिले आफूले गरेका अनुगमन सम्बन्धी कार्यहरूको प्रतिवेदन साप्ताहिक, मासिक र अन्तिम प्रतिवेदन तयार गरी आयोग समक्ष पठाउनेछ ।

## परिच्छेद-३

## सूक्ष्म अनुगमन

११. सूक्ष्म अनुगमनको लागि मतदान स्थलको वर्गीकरण : (१) अनुगमन एकाईले देहायको आधारमा सूक्ष्म अनुगमन गर्नुपर्ने मतदान स्थलको पहिचान गरी आयोग समक्ष पेश गर्नु पर्नेछ :-

(क) जिल्ला सुरक्षा समितिले अति/सम्बेदनशिल मतदान स्थल भनी तोकेको,

(ख) विगतको निर्वाचन सञ्चालनको अनुभव वा निर्वाचन अधिकृतको कार्यालय वा सुरक्षा समिति वा निर्वाचन कार्यालयको आँकलनबाट सो मतदान स्थलमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित ढङ्गले निर्वाचन सञ्चालन गर्न बढी जोखिम रहेको अनुमान गरिएको,

(ग) मतदान स्थल रहेको गाउँपालिका वा नगरपालिकाको वडामा निर्वाचन प्रचार-प्रसारको क्रममा उम्मेदवार वा राजनीतिक दलका कार्यकर्ता बीच अस्वस्थकर प्रतिस्पर्धा वा मुठभेडको स्थिति उत्पन्न भएको वा एकै दल वा उम्मेदवारले मतदाताहरुलाई प्रभावित गर्न सक्ने सम्भावित मतदान केन्द्रको बारेमा जानकारी वा सूचना प्राप्त भएको,

(घ) मतदान स्थलमा तुलनात्मक रुपमा मानिसहरूको बढी भीडभाड हुने देखिएको,

(ङ) अनुगमन एकाईले सूक्ष्म अनुगमन गर्नुपर्ने आवश्यक ठानेको ।

(२) उपदफा (१) को प्रयोजनको लागि अनुगमन एकाईले आवश्यकता अनुसार निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र नेपाल सरकारका सम्बन्धित निकायसँग आवश्यक जानकारी वा सूचना माग गर्न सक्नेछ ।

(३) आयोगले अनुगमन एकाईको सिफारिसमा सूक्ष्म अनुगमन गर्ने मतदानस्थलको निर्धारण गर्नेछ ।

१२. <u>सूक्ष्म अनुगमनकर्ता खटाउने :</u> (१) आयोगले दफा ११ बमोजिम सूक्ष्म अनुगमन गर्नुपर्ने गरी निर्धारण भएका प्रत्येक मतदानस्थलमा नेपाल सरकारको एक जना राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणीको कर्मचारीलाई सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाउन सक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम सूक्ष्म अनुगमनकर्ता खटाउँदा देहायको आधारमा खटाउनेछ :-

(क) शारीरिक हिसाबले स्वस्थ भएको,

(ख) निजामती कर्मचारीको कुनै पनि ट्रेड युनियनको कुनै पनि तहको कार्यकारिणी पदमा बहाल नरहेको,

(ग) सूक्ष्म अनुगमनको लागि आवश्यक न्यूनतम सीप भएको वा अभिमुखीकरणबाटे सीप ग्रहण गर्नसक्ने क्षमता भएको,

(घ) सूक्ष्म अनुगमनकर्तालाई रुपमा निजको स्थायी ठेगाना भएको स्थानमा खटाईने छैन ।

(३) आयोगले सूक्ष्म अनुगमनमा कर्मचारी खटाउने प्रयोजनको लागि केन्द्रीयस्तरमा कार्यरत आवश्यक कर्मचारीको विवरण नेपाल सरकारसँग माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कर्मचारीको विवरण प्राप्त भए पछि त्यस्ता कर्मचारीलाई सम्बन्धित मतदान स्थलमा खटाउनका लागि अनुगमन एकाईले आवश्यक कार्ययोजना तयार गरी आयोगमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको कार्ययोजना आयोगबाट स्वीकृत भएपछि अनुगमन एकाईले सम्बन्धित मतदान स्थलमा खटिने सूक्ष्म अनुगमनकर्तालाई निजको जिम्मेवारी सम्बन्धी अभिमुखीकरण, तालिम तथा निर्देशन दिने एवं आफू खटिएको मतदान स्थलको जानकारी सहितको पत्र र सूक्ष्म अनुगमनकर्ताको परिचय-पत्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) सूक्ष्म अनुगमनकर्ताले उपदफा (५) बमोजिमको पत्र एवम् निर्देशन प्राप्त गरी सकेपछि प्रमुख जिल्ला अधिकारी र निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गरी आफू खटिएको मतदान स्थलमा मतदानको दिनभन्दा कम्तीमा एक दिन अगावै पुग्नु पर्नेछ ।

(७) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान स्थलमा तत्काल सूक्ष्म अनुगमनकर्ता खटाउनु पर्ने आवश्यकता देखिएमा आयोगले सम्बन्धित जिल्लाको कर्मचारीलाई त्यस्तो मतदान स्थलमा सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाउन सक्नेछ ।

१३. <u>सूक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार</u> : (१) सूक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगले सञ्चालन गर्ने अभिमुखीकरण कार्यक्रममा सहभागी भई आफ्नो काम, कर्तव्य, अधिकार, कार्यप्रक्रिया र सेवा शर्त समेतका विषयमा स्पष्ट हुने,

(ख) मतदानको दिन आफू खटिएको मतदानस्थलमा रहेका सबै मतदान केन्द्रमा देहायका विषयहरूमा निरन्तर रुपमा सूक्ष्म अनुगमन गरी सोको प्रतिवेदन घटना पहिचान प्रणाली (इभेन्ट ट्रयाकिङ्ग सिस्टम) मार्फत् नियमित रुपमा आयोगमा पेश गर्ने :-

(१) निर्धारित समयमा मतदान प्रारम्भ भए नभएको,

(२) मतदान प्रक्रिया सुचारु रुपमा सञ्चालन भए नभएको,

(३) कुनै उम्मेदवार वा राजनीतिक दलले मतदान केन्द्र कब्जा गरे नगरेको वा कब्जा गर्ने प्रयत्न गरे नगरेको,

(४) मतदान केन्द्रमा उपस्थित मतदाताहरूलाई मतदान गर्नमा कसैले बाधा अवरोध पुऱ्याए नपुऱ्याएको,

(५) मतदान केन्द्रमा खटिएका अन्य कर्मचारी तथा सुरक्षाकर्मीले आयोगको नीति निर्देशन र प्रचलित कानून बमोजिम काम गरे नगरेको ।

(ग) खण्ड (ख) बमोजिम सूक्ष्म अनुगमन गरी सो को जानकारी आयोग, सम्बन्धित निर्वाचन अधिकृत र निर्वाचन अधिकारीलाई समेत गराउने,

(घ) आफू खटिएको मतदान स्थलमा मतदानको कार्य सम्पन्न भई जिल्ला सदरमुकाम फर्की सकेपछि सूक्ष्म अनुगमनको क्रममा आफूले सङ्कलन गरेको श्रव्य दृश्य, फोटो वा यस्तै प्रकृतिका अन्य प्रमाणहरू संलग्न गरी देहायका विषयहरू समेत खुलाई आयोग समक्ष प्रतिवेदन पेश गर्ने :-

(१) तोकिए बमोजिम मतदान केन्द्र निर्माण गरे नगरेको,

(२) मतदान शुरु हुने समयभन्दा अगावै मतदान अधिकृत सहितको टोली मतदानस्थल पुगे नपुगेको,

(३) उम्मेदवार वा राजनीतिक दलका प्रतिनिधि मतदान शुरु हुँदाका अवस्थामा उपस्थित भए नभएको,

(४) निर्धारित समयमा मतदान शुरु भए नभएको,

(५) मतदान केन्द्रमा मतदाताको चाप भए नभएको,

(६) मतदाताको लाइन व्यवस्थित भए नभएको, मतदानमा प्राथमिकता पाउनु पर्नेले प्राथमिकता पाए नपाएको,

(७) मतपेटिकामा सिलछाप लगाउने र मुचुल्का गर्ने काम समयमा सम्पन्न भए नभएको,

(८) मतदान केन्द्रमा खटिएका कर्मचारीको टोली मतदान केन्द्रबाट प्रस्थान गरेको नगरेको,

(९) मतपेटिकाको ढुवानी व्यवस्था राम्ररी मिलाइए नमिलाइएको,

(१०) कसैले अर्काको नामबाट मतदान गर्न प्रयास गरे वा नगरेको वा सो सम्बन्धी घटना भए नभएको,

(११) मतदाताले मतदाता परिचय पत्र साथमा लिइ आए नआएको,

(१२) मतदान केन्द्रमा खटिएको टोली वा कर्मचारी र सुरक्षाकर्मी बीचको सम्बन्ध राम्रो रहे नरहेको,

(१३) मतदान कार्यमा उम्मेदवार वा राजनीतिक दलका प्रतिनिधि वा समर्थकहरुको सहयोगी भूमिका रहे नरहेको,

(१४) निर्वाचनको स्वच्छतामा आँच पुग्ने कुनै किसिमका घटना वा क्रियाकलाप भए नभएको यदि भएको भए के भएको ?

(१५) मतदान केन्द्रमा पर्यवेक्षकहरू आए नआएको र आएको भए के कति संख्यामा आएका ?

(१६) निर्वाचन पर्यवेक्षकहरूको भूमिका निष्पक्ष भए नभएको,

(१७) निर्वाचनका क्रममा सञ्चारकर्मीको भूमिका निष्पक्ष भए नभएको,

(१८) पर्यवेक्षकहरुले आचारसंहिता पालना गरे नगरेको र आचार संहिता उल्लङ्घन गरेकोमा कारबाही भए नभएको ।

(ङ) उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन आचार संहिता कार्यान्वयनको अनुगमन सम्बन्धमा आयोगले थप काम, कर्तव्य र अधिकार समेत तोकी सूक्ष्म अनुगमनकर्ता खटाउन सक्नेछ ।

(२) आयोग, समिति, उच्चस्तरीय अनुगमन टोली र अनुगमन टोलीको निर्देशन पालना गर्नु सूक्ष्म अनुगमनकर्ताको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## अभिमुखीकरण, अनुगमन कार्यविधि र प्रतिवेदन

१४. अनुगमन टोलीको लागि अभिमुखीकरण : (१) आयोगले अनुगमन टोलीमा समावेश हुने टोली प्रमुखको लागि अभिमुखीकरणको व्यवस्था गर्नेछ ।

(२) अनुगमनमा खटिने सूक्ष्म अनुगमनकर्तालाई अनुगमन एकाईले अभिमुखीकरणको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिमुखीकरणमा समेटिने विषय सामान्यतया देहाय बमोजिम हुनेछन् :-

(क) अनुगमनको आवश्यकता, अनुगमन टोली वा सुक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार, अनुगमन टोली वा सुक्ष्म अनुगमनकर्ता परिचालनको आवश्यकता तथा निर्वाचन सम्बन्धी कानूनको व्यवस्था,

(ख) प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन व्यवस्थापनको लागि मतदाता दर्ता, मतदाता परिचयपत्र व्यवस्थापन, निर्वाचन शिक्षा, सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, आर्थिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन, निर्वाचनमा संलग्न जनशक्तिको बीमा व्यवस्थापन र निर्वाचन सञ्चालन सम्बन्धमा भए गरेका मुख्य-मुख्य तयारी,

(ग) आचारसंहिताका महत्वपूर्ण पक्षहरू र त्यसको कार्यान्वयनको लागि अनुगमन टोलीले ध्यान पुऱ्याउनु पर्ने मुख्य विषय,

(घ) निर्वाचन पर्यवेक्षणका सम्बन्धमा आयोगले गरेका विभिन्न व्यवस्था र पर्यवेक्षकको काम, कर्तव्य र अधिकारका विषय,

(ङ) अनुगमन टोलीले प्रयोग गर्नु पर्ने अनुगमन प्रतिवेदनको ढाँचा, प्रक्रिया, सम्पर्क गर्ने एकाई र यससम्बन्धी अन्य पक्षहरू जस्ता अनुगमन प्रतिवेदनको प्रक्रिया सम्बन्धी प्रकृया र विधि ।

१५. अनुगमन गर्दा अपनाउने कार्यविधि : (१) अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले आफूलाई उपलब्ध समय तथा साधन स्रोत र कार्य जिम्मेवारीलाई दृष्टिगत गरी वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले अनुगमन गरी निर्धारित समयमा प्रतिवेदन पेश गर्ने गरी अनुगमनको कार्यविधि तय गर्नु पर्नेछ ।

(२) अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले अनुगमन गर्दा आवश्यकता अनुसार देहायको कुनै वा सबै तरिका अपनाई तथ्यहरूको सङ्कलन तथा विश्लेषण गर्नु पर्नेछ :-

(क) स्थलगत अवलोकन,

(ख) निवेदन सङ्कलन एवं जाँचबुझ,

(ग) सरोकारवाला पक्षसँग प्रत्यक्ष भेटघाट तथा अन्तर्वार्ता,

(घ) सार्वजनिक सञ्चार माध्यम एवं अन्य सान्दर्भिक स्रोतबाट प्राप्त सूचना एवं प्रतिवेदनको अध्ययन,

(ङ) मौखिक वा टेलिफोनबाट प्राप्त जानकारीको टिपोट एवं विश्लेषण,

(च) अन्य उपयुक्त विधि ।

१६. अनुगमनको लागि आवश्यक पर्ने सामग्री : अनुगमन टोलीको प्रमुखले आयोगबाट उपलब्ध गराइए बमोजिम अनुगमनको लागि आवश्यक पर्ने डायरी, कलम वा बलपेन तथा अनुगमनमा प्रयोग हुने फारामहरू र निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका तथा आचार संहिता आदि सामग्री आयोगको सचिवालयबाट बुझी लिनु पर्नेछ ।

१७. अनुगमन प्रतिवेदन पेश गर्ने विधि : (१) अनुगमन टोलीले अनुसूची-१ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अनुगमन एकाई मार्फत् आयोग समक्ष नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन टोलीले आफू खटिएको मुकामबाट नियमित रुपमा पेश गर्नुपर्ने प्रतिवेदन फ्याक्स वा ई-मेल मार्फत् पठाउनको लागि सम्बन्धित निर्वाचन कार्यालयको सहयोग लिन सक्नेछ ।

(३) सूक्ष्म अनुगमनकर्ताले निर्वाचनको दिन सम्बन्धित मतदान स्थलबाट अनुसूची-२ बमोजिम सूचना सम्प्रेषण गर्नको लागि देहायको विधि अवलम्बन गर्नु पर्नेछ :-

(क) सूक्ष्म अनुगमनकर्ताको रुपमा नियुक्ति पाइसकेपछि आफूले प्रयोग गर्ने मोबाईल नम्बर आयोगले स्थापित गरेको घटना पहिचान प्रणाली (ईभेन्ट ट्रयाकिङ सिष्टम) मा दर्ता गराउने,

(ख) आफूले उल्लिखित घटना पहिचान प्रणाली (ईभेन्ट ट्रयाकिङ सिष्टम) मा दर्ता गराएको मोबाईल नम्बर र त्यसरी घटना पहिचान प्रणाली (ईभेन्ट ट्रयाकिङ सिष्टम) मा सूचना सम्प्रेषण गर्न कुनै कोड उपलब्ध गराएको भए सोसमेत प्रयोग गरी सर्ट म्यासेज सर्भिस (एसएमएस) गर्ने,

(ग) घटना पहिचान प्रणाली (ईभेन्ट ट्रयाकिङ सिस्टम) लाई आफूले प्रेषित गरेको हरेक सर्ट म्यासेज सर्भिस (एसएमएस) सम्बन्धित निर्वाचन कार्यालयले उपलब्ध गराएको मोबाईल नम्बरमा समेत प्रेषित गर्ने,

(घ) सर्ट म्यासेज सर्भिस (एसएमएस) को अतिरिक्त तत्कालै कुनै विस्तृत विवरण समेत पेश गर्न आवश्यक देखिएमा आफू वा स्थानीय स्तरमा तत्काल उपलब्ध अन्य उपयुक्त सञ्चार माध्यमको प्रयोग गरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकारीलाई जानकारी गराउने ।

(४) अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले आफूले अनुगमन गरेको कामको अन्तिम प्रतिवेदन समिति मार्फत आयोगमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विविध

१८. अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा : अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

१९. प्रशंसा-पत्र प्रदान गर्ने वा सचेत गराउन सक्ने : (१) आयोगले अनुगमन कार्यमा खटिएको अनुगमन टोलीले गरेको कामको मूल्याङ्कन गरी प्रशंसनीय काम गर्ने अनुगमन टोली प्रमुख, सदस्य र सहायक कर्मचारी तथा सुक्ष्म अनुगमनकर्तालाई प्रशंसा पत्र प्रदान गर्न सक्नेछ ।

(२) अनुगमन टोली वा सुक्ष्म अनुगमनकर्ताले तोकिएको जिम्मेवारी पूरा नगरेमा वा आयोगको मर्यादामा आँच पुऱ्याउने वा निर्वाचनको निष्पक्षतामा नकारात्मक असर पुऱ्याउने काम गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्ता व्यक्तिलाई आयोगले सचेत गराउन, प्रचलित कानून बमोजिम

विभागीय कारबाही गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२०. निर्वाचन अनुगमनमा खटिने कर्मचारीको अभिलेख (रोष्टर) कायम गर्न सक्ने : (१) आयोगले अनुगमन टोली तथा सूक्ष्म अनुगमनकर्ताको रुपमा खटिने कर्मचारीहरूको अभिलेख (रोष्टर) कायम गरी राख्न सक्नेछ ।

(२) अनुगमन सम्बन्धी काममा आयोगको सचिवालयको अतिरिक्त थप जनशक्ति परिचालन गर्नुपर्दा उपदफा (१) बमोजिम कायम भएको अभिलेख (रोष्टर) मा रहेका कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

२१. बिमा सम्बन्धी व्यवस्था : अनुगमन टोलीका प्रमुख तथा सदस्य र सूक्ष्म अनुगमनकर्ताको लागि निजहरू त्यस्तो कार्यमा खटिएको दिनदेखि तोकिएको कार्य जिम्मेवारी सम्पन्न गरी सोको अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने दिनसम्मको लागि निर्वाचन कार्यमा खटिने समानस्तरका कर्मचारीलाई उपलब्ध गराए सरहको बिमा सुविधा उपलब्ध गराइनेछ ।

२२. परिचय-पत्र साथमा लिनु पर्ने : अनुगमन टोलीमा रहेका कर्मचारी र सूक्ष्म अनुगमनकर्ताले आयोगले उपलब्ध गराएको परिचय-पत्र आफ्नो साथमा राख्नु पर्नेछ ।

२३. अनुगमनकर्ताको उत्तरदायित्व : (१) उच्चस्तरीय अनुगमन टोली, अनुगमन टोली तथा सुक्ष्म अनुगमनकर्ता व्यक्तिगत तथा सामूहिक रूपमा आयोग प्रति उत्तरदायी हुनेछन् ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी अनुगमन टोलीमा खटिएका व्यक्ति तथा सुक्ष्म अनुगमनकर्ताले आफू खटिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

(३) सुक्ष्म अनुगमनकर्ताले आफू खटिएको मतदान स्थलको मतदान अधिकृतसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही कार्य गर्नेछ । सुक्ष्म अनुगमनका सिलसिलामा आफूले सम्पादन गरेको काम कारबाही बारे सम्बन्धित निर्वाचन अधिकृतलाई जानकारी गराउनु र निर्वाचन अधिकृतले दिएका निर्देशनको पालना गर्नु सुक्ष्म अनुगमनकर्ताको कर्तव्य हुनेछ ।

२४. निर्वाचन आचार संहिता अनुगमनको काम समेत गराउन सक्ने : आयोगले यस निर्देशिका बमोजिम खटाउने अनुगमन टोली वा सुक्ष्म अनुगमनकर्तालाई निर्वाचन आचार संहिता, अनुगमन सम्बन्धी कार्य समेत गर्ने गरी खटाउन सक्नेछ ।

२५. आयोगको निर्णय बमोजिम हुने : स्थानीय तह निर्वाचन सम्बन्धी काम कारबाहीको अनुगमन सम्बन्धमा यस निर्देशिकामा लेखिएकोमा यसै बमोजिम र अन्य विषयमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची-१
(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## **अनुगमन टोलीले पेश गर्ने प्रतिवेदनको ढाँचा**

(यो प्रतिवेदन  अनुगमन समिति वा उच्चस्तरीय अनुगमन टोली मार्फत साप्ताहिक रुपमा आयोग समक्ष पेश गर्नु पर्नेछ। आवश्यकता अनुसार दैनिक रुपमा वा कुनै पनि समयमा थप प्रतिवेदन दिन सकिनेछ।)

### **खण्ड (क)**
### **अनुगमन सम्बन्धी सामान्य विवरण**

१. टोली प्रमुखको नाम :

२. खटिएको प्रदेश/जिल्ला/निर्वाचन क्षेत्र :

३. प्रतिवेदन पेश गरेको मिति :

४. अघिल्लो प्रतिवेदन पेश गरेको मिति :

५. प्रतिवेदन अवधिमा अनुगमन गरेको प्रदेश/जिल्ला/ निर्वाचन क्षेत्र :

६. प्रतिवेदन अवधिमा जिल्ला सदरमुकाम बाहेक अन्य स्थानमा स्थलगत भ्रमण गरेको भए सोको विवरण :
.....................................................

(विवरण भर्नको लागि स्थान अपर्याप्त भए छुट्टै पाना संलग्न गर्नु पर्नेछ)

७. प्रतिवेदन अवधिमा अनुगमनको लागि सम्पर्क गरिएका मुख्य पदाधिकारी/व्यक्तिहरूको नाम :
....................................................................

(विवरण भर्नको लागि स्थान अपर्याप्त भए छुट्टै पाना संलग्न गर्नु पर्नेछ )

## खण्ड (ख)

## अनुगमन प्रतिवेदनको सारांश

## खण्ड (ग)

### अनुगमन कार्यको विस्तृत विवरण र अनुगमनकर्ताको मूल्याङ्कन

| सि.नं. | अनुगमन गरेको विषय | अनुगमनमा प्रयोग गरेको विधि | अपेक्षित अवस्थाको तुलनामा अनुगमनबाट देखिएको तथ्य *(अति उत्तमको लागि १, उत्तमको लागि २, सामान्यको लागि ३ र खराबको लागि ४ नम्बरमा गोलो (○)घेरा लगाउने)* | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१** | **निर्वाचन प्रचार प्रसार** | | | | | | |
| १.१ | राजनीतिक दल वा उम्मेदवारबीच झैझगडा नभएको | | १ | २ | ३ | ४ | |
| १.२ | भाषाशैली शिष्ट, मर्यादित र व्यक्तिगत लान्छना लगाउने खालको नभएको | | १ | २ | ३ | ४ | |
| १.३ | अनावश्यक तडकभडक तथा तोकिएको सीमाभन्दा बढी खर्च नभएको | | १ | २ | ३ | ४ | |
| १.४ | हरेक उम्मेदवारले निर्वाध रुपमा प्रचार-प्रसार गर्न पाएको | | १ | २ | ३ | ४ | |
| १.५ | मतदातालाई निर्वाचन प्रणाली, प्रक्रिया, मतदान गर्ने तरिका तथा गोप्य मतदानको सुनिश्चितताको विषयमा सही जानकारी भएको | | १ | २ | ३ | ४ | |
| **२** | **निर्वाचन आचार संहिताको पालना** | | | | | | |
| २.१ | सभा जुलुस सम्बन्धी आचार संहिताको पालना गरेको | | १ | २ | ३ | ४ | |
| २.२ | प्रचार सामग्रीको आकार, गुणस्तर र परिमाण तोकिए बमोजिम भएको | | १ | २ | ३ | ४ | |
| **३** | **पर्यवेक्षण** | | | | | | |
| ३.१ | अनुमति प्राप्त गरेका व्यक्तिहरू मात्र पर्यवेक्षणमा खटिएको | | १ | २ | ३ | ४ | |
| ३.२ | पर्यवेक्षकले कुनै राजनीतिक दल वा उम्मेदवार प्रति कुनै आग्रह वा पूर्वाग्रह/आवद्धता नदेखाएको | | १ | २ | ३ | ४ | |
| ३.३ | पर्यवेक्षक कुनै राजनीतिक दलको सदस्य नरहेको | | १ | २ | ३ | ४ | |
| ३.४ | पर्यवेक्षकले अभिमुखीकरण तालिम प्राप्त गरेको | | १ | २ | ३ | ४ | |
| ३.५ | पर्यवेक्षण आचार संहिताको पालना गरेको | | १ | २ | ३ | ४ | |
| **४** | **सुरक्षा अवस्था** | | | | | | |
| ४.१ | आम मतदाताले राजनीतिक दल वा उम्मेदवारका नीति कार्यक्रमको बारेमा जान्न,प्रचार-प्रसारमा सहभागी हुन र मतदानको लागि मतदान केन्द्रमा उपस्थित हुनको लागि सुरक्षाको अनुभूति महसुश गरेको | | १ | २ | ३ | ४ | |
| ४.२ | निर्वाचनमा भाग लिने प्रत्येक राजनीतिक दल/उम्मेदवारहरूले प्रचार-प्रसार तथा निर्वाचनमा भाग लिन पर्याप्त मात्रामा | | १ | २ | ३ | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुरक्षाको अनुभूति महसुश गरेको | | | | | | |
| ४.३ | मतदान केन्द्रमा सुरक्षा प्रदान गर्नको लागि आवश्यक सुरक्षा योजना, जनशक्ति र साधन स्रोत उपलब्ध भएको | | १ | २ | ३ | ४ | |
| ४.४ | सुरक्षा सम्वेदनशीलताको आधारमा वैकल्पिक सुरक्षा योजना र कार्यक्रम तयार भएको | | १ | २ | ३ | ४ | |
| ४.५ | निर्वाचन सामग्रीको सुरक्षाको लागि पर्याप्त ध्यान दिइएको | | १ | २ | ३ | ४ | |
| ४.६ | मतदान पछि मतपेटिका ढुवानी र मतगणनाको लागि आवश्यक सुरक्षाको प्रभावकारी योजना बनाइएको | | १ | २ | ३ | ४ | |
| **५** | **जनशक्ति व्यवस्था** | | | | | | |
| ५.१ | आयोगले निर्धारण गरेको मापदण्ड बमोजिमको जनशक्ति निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध भएको | | १ | २ | ३ | ४ | |
| ५.२ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा दरबन्दी बमोजिमको जनशक्ति उपलब्ध भएको | | १ | २ | ३ | ४ | |
| ५.३ | मतदान अधिकृत र सहायक मतदान अधिकृतको रुपमा खटिने जनशक्तिको प्राप्ति, अभिमुखीकरण/तालिम र परिचालन सम्बन्धी योजना बनेको र त्यस्तो योजना बमोजिम कार्यान्वयन भएको | | १ | २ | ३ | ४ | |
| ५.४ | मतदान केन्द्रमा खटिने कर्मचारीलाई कुनै प्रकारको कठिनाइ नभएको | | १ | २ | ३ | ४ | |
| **६** | **निर्वाचन सामग्री** | | | | | | |
| ६.१ | मतपेटिका पर्याप्त र प्रयोग गर्न योग्य अवस्थामा रहेको | | १ | २ | ३ | ४ | |
| ६.२ | पूर्व योजना बमोजिम मतपत्र ढुवानी भई प्राप्त भएको | | १ | २ | ३ | ४ | |
| ६.३ | कार्यालय प्रयोजन र मतदान प्रयोजनको लागि मतदाता नामावली योजना बमोजिम प्राप्त भएको | | १ | २ | ३ | ४ | |
| ६.४ | सबै प्रकारका निर्वाचन सामग्रीको योजना अनुरुप प्राप्त भएको | | १ | २ | ३ | ४ | |
| ६.५ | राजनीतिक दल र अन्य सरोकारवालाहरूको लागि मतदाता नामावली प्राप्त भएको | | १ | २ | ३ | ४ | |
| **७** | **वित्तीय श्रोत** | | | | | | |
| ७.१ | निर्वाचन सञ्चालनको लागि आयोगबाट विनियोजन भएको बजेट निर्धारित मापदण्ड बमोजिम खर्च गर्न कुनै कठिनाइ हुने नदेखिएको | | १ | २ | ३ | ४ | |
| ७.२ | निर्धारित मापदण्ड बमोजिमको बजेट योजना बमोजिम निकासा भएको | | १ | २ | ३ | ४ | |
| ७.३ | विनियोजित बजेटको कुनै प्रकारको दुरुपयोग भएको नपाइएको | | १ | २ | ३ | ४ | |

२. खण्ड (ग) मा उल्लेख गरेको कुनै विषयमा अनुगमनकर्ताले थप गर्नुपर्ने देखेका कुनै आधार वा विषयहरू भए बुँदागत रुपमा तल उल्लेख गर्नु पर्नेछ ।

३. अनुगमनको क्रममा अनुगमन टोलीबाट जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दिएको सुरक्षा अधिकारीहरू वा अन्य कुनै सरोकारवाला पक्षलाई लिखित वा मौखिक रुपमा कुनै निर्देशन दिएको वा सिफारिस गरेको वा जरिबाना गरिएको भए सोको विवरण तल उल्लेख गर्नु पर्नेछ ।

| सि.नं. | निर्देशन/सिफारिस/जरिबाना गरेको | | | निर्देशन/सिफारिस कार्यान्वयनको अवस्था | आयोगमा जानकारी गराएको भए पदाधिकारी/कर्मचारीको नाम, पद |
|---|---|---|---|---|---|
| | विषय/क्रियाकलाप | मिति | निकाय/दल वा उम्मेद्वार | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. यस प्रतिवेदनमा निर्वाचन आयोगलाई सिफारिश गर्नु पर्ने विषयहरू भए तल बुँदागत रुपमा उल्लेख गर्नु पर्नेछ ।

<u>प्रतिवेदन पेश गर्ने अनुगमन टोली प्रमुखको,-</u>

दस्तखत :

नाम :

पद :

टेलिफोन/मोबाइल नम्बर :

मिति :

अनुसूची-२

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## सूक्ष्म अनुगमनकर्ताले मतदानको दिन मतदानस्थलबाट सूचना सम्प्रेषण गर्ने विधि

**(सूक्ष्म अनुगमनकर्ताले यसरी सूचना सम्प्रेषण गर्न आयोगको केन्द्रमा स्थापित घटना पहिचान प्रणाली (इभेन्ट ट्रयाकिङ सिष्टम) मा रजिष्टर भएको मोबाइल नम्बर र उक्त प्रणाली (सिष्टम) ले कुनै कोड उपलब्ध गराएको भए सोसमेत प्रयोग गर्नु पर्नेछ)**

| सि.नं. | प्रतिवेदनको विषय | समय/अवधि | रिपोटिङ्ग कोड | कैफियत |
|---|---|---|---|---|
| १. | सूक्ष्म अनुगमकर्ता मतदान स्थलमा पुगेको मिति र समय | मतदान स्थलमा पुग्ने बित्तिकै | Arrived | |
| २. | मतदानको दिन मतदान प्रारम्भ भएको | बिहान ७:०० बजे | Poll Start : Yes (भएको भए) No (नभएको भए)* | |
| ३. | मतदान सुचारु रहेको | हरेक एक घण्टामा | Poll Contd. | |
| ४. | मतदान प्रक्रियामा अवरोध भएको | अवरोध भएको प्रष्ट भएपछि तुरुन्तै | Poll Distd. | |
| ५. | मतदान प्रक्रिया पुनः सुचारु भएको | पुनः सुचारु हुने बित्तिकै | Poll Recontd. | |
| ६. | मतदान केन्द्र कब्जा भएको | कब्जा भएको प्रष्ट हुने बित्तिकै | Poll Captd. (यस्तो अवस्थामा तोकिएको अधिकारीलाई टेलिफोन, मोबाइल वा अन्य उपयुक्त संचार माध्यमबाट सम्पर्क गरी विस्तृत विवरण समेत जानकारी गराउने ।) | |
| ७. | मतदान अधिकृतले मतदान स्थगित गरेको | स्थगित गर्ने बित्तिकै | Poll Postpd. (यस्तो अवस्थामा तोकिएको अधिकारीलाई टेलिफोन, मोबाइल वा अन्य उपयुक्त संचार माध्यमबाट सम्पर्क गरी विस्तृत विवरण जानकारी गराउने ।) | |
| ८. | मतदान कार्य सम्पन्न भएको | सम्पन्न हुने बित्तिकै | Poll Compltd. | |
| ९. | मतदान टोली प्रस्थान गरेको | प्रस्थान गर्ने बित्तिकै | Team Depted. | |

* ७ बजे मतदान प्रारम्भ नभए जतिबेला प्रारम्भ हुन्छ सो समयमा प्रारम्भ भएको जानकारी गराउने ।

अनुसूची-३
(दफा १८ सँग सम्बन्धित)

## **अनुगमन टोली र सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा**

१. **अनुगमन टोलीले पाउने सुविधा :** आयोगले अनुगमन अवधिमा अनुगमन टोलीमा खटिने कर्मचारीलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) **दैनिक तथा भ्रमण भत्ता :** तोकिएको जिल्लाको भ्रमणमा जाँदा आयोगले दैनिक तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ । यस्तो दैनिक तथा भ्रमण भत्ता चौध दिनभन्दा बढी अवधिको लागि खटिएको अवस्थामा समेत पूरै दरको हिसाबले उपलब्ध गराइनेछ ।

(ख) **निर्वाचन भत्ता :** अनुगमन टोलीमा खटिने कर्मचारीलाई आफू खटिएको दिनदेखि कार्य सम्पन्न गरेको दिनसम्म आफूले खाईपाई आएको मासिक तलबको एकसय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ताको रुपमा उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ र निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोड्न पाइने छैन ।

(ग) **सञ्चार खर्च :** अनुगमन टोलीको प्रमुखलाई मोबाइल फोन रिचार्ज वा टेलिफोन प्रयोगको लागि अनुगमन अवधिभरको लागि एकमुष्ट रु. १५००।- (एक हजार पाँच सय) उपलब्ध गराइनेछ ।

(घ) **थप सुविधा :** अनुगमन टोलीमा खटिने कर्मचारीलाई माथि खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पाउने सुविधाका अतिरिक्त दैनिक भ्रमण भत्तामा प्रतिदिन रु. ३,०००।- (तीन हजार) का दरले थप सुविधा उपलब्ध गराइनेछ । तर यस्तो सुविधा स्थानीय सहयोगीको हकमा लागू हुने छैन ।

(च) **सवारी इन्धन र सवारी चालकको व्यवस्था :**

(१) अनुगमन टोलीका प्रमुखले आफू खटिएको जिल्लामा आफ्नै तर्फबाट सवारी साधनको प्रयोग गरी स्थलगत अनुगमन भ्रमणमा जाँदा प्रकरण (क) र (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने गरी एकजना हलुका सवारी चालक समेत साथै लान पाउनेछ । त्यसरी प्रयोग हुने सवारी साधनको लागि आवश्यक इन्धनको लागि लगबुक समेत संलग्न भई आएको बिल भरपाई बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(२) अनुगमन टोलीमा संलग्न कर्मचारीलाई केन्द्रदेखि खटिएको जिल्ला सदरमुकामसम्म जान आउनको लागि हवाइजहाज प्रयोग गरेको अवस्थामा हवाई टिकट बमोजिमको रकम समेत उपलब्ध गराइनेछ ।

(३) अनुगमन टोली प्रमुखले आफ्नै तर्फबाट सवारी साधनको प्रयोग गरेको अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई समेत सोही सवारी साधनमा भ्रमण गराउनु पर्नेछ । यस्तो अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई टिकट खर्च वापतको रकम भुक्तानी दिइने छैन ।

(छ) **मर्मत :** अनुगमन टोलीका प्रमुखलाई सवारी साधन मर्मतको लागि एकमुष्ट रु. १०,०००।- (दश हजार) मा नबढ्ने गरी बिल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(ज) **विविध खर्च :** अनुगमन टोलीको प्रमुखले खर्च गर्ने गरी अतिथि सत्कार तथा भैपरी आउने खर्चको लागि प्रति टोली एकमुष्ट रु. ५,०००।- (पाँच हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

२. **सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा :** अनुगमन अवधिमा सूक्ष्म अनुगमनकर्तालाई आयोगले देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) खटिएको जिल्ला सदरमुकामसम्म जान र फर्किनको लागि दैनिक तथा भ्रमण भत्ता : आफू कार्यरत कार्यालयबाट खटिएको जिल्ला सदरमुकामसम्म जान र सो सदरमुकामबाट आफ्नो कार्यालयसम्म फर्किनको लागि दैनिक तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) जिल्ला सदरमुकामबाट खटिएको मतदान स्थलसम्म जान र फर्किनको लागि दैनिक तथा भ्रमण भत्ता : जिल्ला सदरमुकामबाट मतदान स्थलसम्म जान र मतदान स्थलबाट जिल्ला सदरमुकामसम्म आउन स्थानीय तह निर्वाचन आर्थिक निर्देशिका, २०७३ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ग) निर्वाचन भत्ता : सुक्ष्म अनुगमनकर्ताको रुपमा खटिएको दिनदेखि आफ्नो कार्य सम्पन्न गरेको दिनसम्म निर्वाचन भत्ताको रुपमा आफूले खाईपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम उपलब्ध गराइनेछ । यसरी पाउने रकममा नियमानुसार पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ र निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै प्रकारका भत्ता जोडिने छैन ।

(घ) सञ्चार खर्च : मोबाइल फोन रिचार्ज वा टेलिफोन प्रयोगको लागि एकमुष्ट रु. १,०००।- (एक हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

(ङ) भैपरी खर्च : भैपरी खर्चको लागि एकमुष्ट रु. ५,००० (पाँच हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।